नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेवपेज : www.nvc.gov.np
वेवपेज (सम्पत्ति विवरण) : bibaran.nvc.gov.np

# आ.व.२०८१/८२ को सम्पत्ति विवरण बुझाउने र केन्द्रलाई अनलाइन सफ्टवेयर मार्फत् जानकारी दिने सम्बन्धी अत्यन्त जरूरी सूचना

**(निजामती, स्थायी शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल, नेपाल वाहेकका पदाधिकारी/कर्मचारीहरू)**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सो ऐनको "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९) बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका राष्ट्रसेवकले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ" भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८१/८२ को सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ६८, आषाढ २० गते २०७५ साल (अतिरिक्ताङ्क ११) मा तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा भरी बुझाई देहाय अनुसार हुन अनुरोध छ :-

**क)** ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८१/८२ को सम्पत्ति विवरण मिति २०८२/०४/०१ गतेदेखि मिति २०८२/०५/२९ गतेभित्र तोकिएको निकायमा प्राप्त हुने गरी बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ। कानुन बमोजिमको विशेष परिस्थितिको अवस्था वाहेक उक्त मिति भन्दा पछि प्राप्त सम्पत्ति विवरणलाई नबुझाएको सरह मानी अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ।

**ख)** आ.व.२०८१/८२ मा नयाँ मनोनयन/नियुक्ति भई ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले उक्त पद धारण गरेको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्दछ। यसरी प्राप्त सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको **सुरू नियुक्ति सम्पत्ति विवरण** भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

**ग)** आ.व.२०८०/८१ को सम्पत्ति विवरण नबुझाई सम्मानित अख्तियार दुरूपोग अनुसन्धान आयोगबाट पत्र लेखी आएका व्यक्ति तथा राष्ट्रसेवकले रु.५ हजार जरिमाना तिरी तोकिएको निकायमा उक्त आ.व.को समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयको **जरिमाना तिरी सम्पत्ति विवरण** भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

**घ)** संघीय एवं प्रदेश तहमा ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण बुझाए/नबुझाएको Hardcopy र Softcopy सहितको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण वुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रुपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्धारा उपलब्ध गराउनु पर्नेछ।

**ङ)** जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिकामा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सो को विवरण केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा इन्ट्री गर्ने र सम्पत्ति विवरणका बन्दी खामहरू सम्पत्ति विवरण वुझाउन तोकेको अन्तिम म्याद सकेको तीस दिनभित्र अनिवार्य रुपमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनु पर्नेछ र सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण बुझाए/नबुझाएको Hardcopy र Softcopy सहितको अभिलेखको जानकारी सम्पत्ति विवरण वुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रुपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्धारा उपलब्ध गराउनु पर्नेछ। साथै त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण र व्यवस्थापन गर्नुपर्नेछ।

**च)** माथि उल्लिखित बुँदाहरुको प्रयोजनार्थ केन्द्रले अनलाइन सफ्टवेयरलाई थप अद्यावधिक गरी सञ्चालन गरेको छ। केन्द्रको वेवसाइट www.nvc.gov.np मा गई **सम्पत्ति विवरण अनलाइन दर्ता**मा क्लीक गर्ने, त्यसपछि कुन तहको कार्यालय हो त्यसमा पुनः क्लीक गर्ने, अघिल्लो आ.व.कै युजर नेम तथा पासवर्ड प्रयोग गरी आफ्नो कार्यालयको पेज खोल्ने र जुन प्रकारको सम्पत्ति विवरण हो त्यसको सवआइकनमा क्लीक गरी सम्पत्ति विवरण अनलाइन प्रविष्टिका लागि सामान्य मार्गदर्शन बमोजिम गर्न गराउन हुन अनुरोध छ।

**छ)** ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले बुझाउनु पर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा तोकिएको समय सिमाभित्र पुगिसक्ने गरी पठाउने र नबुझाउने व्यक्ति तथा राष्ट्रसेवकको विवरण (नाम, पद र कार्यरत कार्यालयसहितको सम्पर्क गर्न सकिने ठेगाना) उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ।

माथि उल्लिखित राजपत्र एवं अन्य सम्बन्धित सूचना केन्द्रको वेवसाइट **www.nvc.gov.np** मा राखिएको छ। ऐन बमोजिम सम्पत्ति विवरण वुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा **५० को उपदफा (३)** बमोजिम कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।